कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
प्रदेश नं. १

पत्र संख्या :२०७८/२०७९

चलानी नं....०६.........

मिति : २०७९/०४/०१

श्री सम्पुर्ण सामुदायिक विद्यालयहरु
कचनकवल गाउँपालिका,झापा

**विषय: विद्द्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा मिति २०७९।०३।२१ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयले कचनकवल गाउँपालिका अन्तर्गत रहेका सम्पुर्ण सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति विघटन गरेको र मिति २०७९।०३।३० गते बसेको गाउँसभामा वि.व्य.स को अध्यक्ष अभिभावकहरु मध्येबाट हुने,अध्यक्ष पदको लागि शैक्षिक योग्यता कम्तिमा पनि प्राथमिक तहका लागि कक्षा ५,आधारभुत तहका लागि कक्षा ८, मा.वि तहका लागि एस.एल.सी.उत्तीर्ण हुनुपर्ने तर त्यस्तो शैक्षिक योग्यता भएको व्यक्ति नभएको खण्डमा मात्र सो भन्दा कम योग्यता भएको व्यक्ति अध्यक्ष हुन सक्ने निर्णय भएकाले विद्यालय व्यवस्थापन समितिको पुनर्गठन गर्नका लागि कचनकवल गाउँपालिकाको शिक्षा ऐन २०७५( संसोधन सहित )को दफा १८ मा भएको व्यवस्था अनुसार देहाएको विवरण ७ दिन भित्र कचनकवल गाउँपालिकामा उपलब्ध गराउनुहुन अनुरोध छ।

०४/०१,

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

**तपशिल**

(१) अभिभावकहरुले छानेर पठाएका कम्तिमा १ जना महिला सहित २ जना अभिभावक

(२)विद्यालय रहेको सम्वन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सम्वन्धित वडा समितिले मनोनयन गरेको एकजना जनप्रतिनिधि

(३)विद्यालयका शिक्षकहरुले छानेर पठाएको एक जना शिक्षक

(४) विद्यालयको प्रधानाध्यापक १

श्री सूचना प्रविधि शाखा - Website मा अपलोड गरिदिनुहुन ।